आज मिति २०७९।१०।२७ गते शुक्रबारको दिन यस बाणगङ्गा नगरपालिकाको नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

## नगर कार्यपालिकाको आ.व.०७९।८० को आठौं बैठक २०७९।१०।२७ का प्रस्ताव तथा कार्यसूची

प्रस्ताव नं ८.१ तराई मधेश समृद्धि कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं ८.२ सडकबोर्ड कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं ८.३ स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) र वित्तिय सूशासन जोखिम (FIDUCIARY RISK ASSESSMENT) मूल्याङ्कनको नतिजा सम्बन्धमा,

प्रस्ताव नं ८.४ नदीजन्य पदार्थको आय ठेक्काको बोलकबोल रकम स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं ८.५ घुम्ती शिविर सम्बन्धमा,

प्रस्ताव नं ८.६ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सम्बन्धमा,

प्रस्ताव नं ८.७ आत्मनिर्भरताको लागि कृषि उत्पादन सञ्चालन सम्बन्धमा,

प्रस्ताव नं ८.८ आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०७९ सम्बन्धमा,

प्रस्ताव नं ८.९पिपरा अस्पतालमा निमित्त मे.सु.को जिम्मेवारी सम्बन्धमा,

प्रस्ताव नं ८.१० पिपरा अस्पतालमा अपरेसन थ्रियटर (OT) सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं ८.११ बसपार्कको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को TOR स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं ८.१२ विविध

मितिः २०७९।१०।२७, बाणगङ्गा नगरपालिका आ.व.०७९।८० को कार्यपालिका बैठक संख्याः८

**प्रस्ताव नं ८.१**

**तराई मधेश समृद्धि कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. ८.१**

आर्थिक वर्ष २०८०।८१ मा तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरी तपसिल बमोजिमका योजनाहरु छनौटका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | मोर्मी-बरदहवा-जिनुवा जोड्ने सडक कालोपत्रे | १ | |
| २ | कोपवा पोखरी सौन्दर्यकरण | ५ | |
| ३ | निबुवा-बठनपुरा हुलाकी सडक कालपत्रे | १ | |
| ४ | झुंगा देखि कालाबन्जार जोड्ने सडक कालोपत्रे | ४ | |
| ५ | धैरेनी डाँडा देखि कोइली बनगाईसम्म सडक कालोपत्रे | ७ | |
| ६ | मैरी देखि ओदारीसम्म सडक कालोपत्रे | ११ | |
| ७ | मनोहरापुर देखि बैदौली जोड्ने सडक कालोपत्रे | ६ | |
| ८ | पिपरा पोखरी देखि पश्चिम जाने हुलाकी सडक कालोपत्रे | २ | |
| ९ | कर्महना देखि बबनी जोड्ने सडक कालोपत्रे | ३ | |
| १० | बागङ्गा बालापुर सिंचाई कुलो निर्माण | ८ | |
| ११ | कोपवा देखि कपिलवस्तु न.पा. वडा नं. ९ जोड्ने सडक कालोपत्रे | ५ | |
| १२ | लक्ष्मणघाट मा.वि. भवन निर्माण | ६ | |
| १३ | मुढेबाबा थान देखि वडा नं. ८ को खानेपानी समितिसम्म सडक कालोपत्रे | ७ | |
| १४ | सानो ठेकही बालविकास केन्द्र भवन निर्माण | १० | |
| १५ | मधुबन चारपैसा कुलो निर्माण | ८ | |
| १६ | स्वास्थ्य चौकीको अधुरो भवन निर्माण | ५ | |

**प्रस्ताव नं ८.२**

**सडकबोर्ड कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. ८.२**

सडकबोर्ड कार्यक्रम अन्तर्गत आ.व. ०७९।८० मा सञ्चालन हुनेगरी योजना छनौटका लागि तपसिल बमोजिमका योजनाहरु पठाउने निर्णय गरियो

| क्र.सं. | योजना | वडा नं. |
|---|---|---|
| १ | बैरिया बठनपुरा झुँगा गंगोली गजेहडा भक्तौली सडक | १,२,३ र ४ |
| २ | गोकर्णको मिलदेखि भडसडवा प्रगतिनगर सडक | १० र ११ |
| ३ | बुङ्ची कोपवा सडक | ५ र ६ |
| ४ | बनगाई शिवालयदेखि मोतिपुर डाँडा सडक | ७ |
| ५ | अर्घाखाँची चोक देखि भर्तापुर सडक | ९ |
| ६ | लौगाई पोखरी देखि चप्परगाऊँ सडक | ८ |

**प्रस्ताव नं ८.३**

**स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) र वित्तिय सूशासन जोखिम (FIDUCIARY RISK ASSESSMENT) मूल्याङ्कनको नतिजा सम्बन्धमा,**

**निर्णय नं. ८.३**

जिल्ला समन्वय समितिबाट आ.व. ०७८।७९ को स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (LISA) बापत नगरपालिकाले प्राप्त गरेको मूल्याङ्कन अंक ८२ तथा आ.व. ०७८।७९ को वित्तिय सुशासन जोखिम अन्तर्गत कुल ७८ मूल्याङ्कन अंक प्राप्त गरेको र मूल्याङ्कनमा देखिएका कमी कमजोरीहरुको समिक्षा गर्दै आगामी दिनहरुमा कमी कमजोरीहरुलाइ सुधार गर्न सवै पदाधिकारी र कर्मचारीहरुको सहकार्यमा अघि बढ्ने निर्णय गरियो।

**प्रस्ताव नं ८.४**

**नदीजन्य पदार्थको आय ठेक्काको बोलकबोल रकम स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. ८.४**

यस नगरपालिका अन्तर्गत रहेको बाणगङ्गा नदीको विभिन्न नाकाहरुबाट नदीजन्य पदार्थको आयठेक्का लगाउन मिति २०७९।०९।०४ मा आह्वान गरिएको आयठेक्का सूचना बमोजिम तपसिलका फर्महरुले तत् स्थानको सबैभन्दा बढी बोलकबोल गरेको मा मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरी आशयको सूचना प्रकाशित गरिएकोमा उजुरी पर्न नआएको देखिएको र तपसिल बमोजिमका फर्महरुको बोलकबोल रकमलाई स्वीकृत गरी आयठेक्काको लागि सम्झौता गर्न पत्रचार गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.सं. | बाणगङ्गा खोला | नाका र परिमाण | सबभन्दा बढि बोलकबोल गर्ने फर्म र ठेगाना | बोलकबोल रकम भ्याट समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाणगङ्गा खोला | मधुवनधाम बगर<br>६२,१०० घ.मि. | श्री एन.एस. कन्स्ट्रकसन, बा.न.पा.-८<br>प्रो. नारायण अर्याल | रु.२,५१,११,१११/- | |
| २ | बाणगङ्गा खोला | धनेशपुर पानीटंकी पश्चिमसम्मको क्षेत्र<br>१०,१२५ घ.मि. | शारदा सःमिल तथा फर्निचर उद्योग, बा.न.पा.-११ (हाल बा.न.पा.-१, मन्द्रेलीटोल<br>प्रो. शंकर भाट क्षेत्री | रु. ७५,३३,३३३/- | |
| ३. | बाणगङ्गा खोला | बनकसिया १, २ र भगलापुर क्षेत्र<br>१८,४७८.५ घ.मि. | श्री गणेश सप्लायर्स<br>बा.न.पा.-६<br>प्रो.कल्याण टण्डन | रु. ८७,२७,५५४/- | |

**प्रस्ताव नं ८.५**

**घुम्ती शिविर सम्बन्धमा,**

**निर्णय नं. ८.५**

यस नगरपालिकाबाट दर्ता गर्दै आएको व्यवसाय दर्ता नविकरण नामसारी, ठाउँसारी, स्तरवृद्धि आदि कार्य वडा कार्यालयबाट गर्ने व्यवस्था मिलाउन, राजश्व असुलीको लागि ईसेवा मार्फत असुली गर्ने सफ्टवेयर खरिद गर्ने, एकीकृत घुम्ती शिविर सञ्चालन गर्न प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८.६**

**प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना सम्बन्धमा,**

**निर्णय नं. ८.६**

यस चालु आ.व. २०७९।८० मा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि बाणगङ्गा नगरपालिकाको सशर्त बजेट शिर्षक अन्तर्गत रोजगारी श्रृजनाको लागि प्राप्त को विभिन्न वडा कार्यालयहरुबाट सिफारिस भई प्राप्त भएका तपसिल

बमोजिमका योजनाहरु स्वीकृत गर्ने र उक्त योजनाहरु कार्यान्वयन गर्न शुत्रानुसारको निम्नानुसारको बजेट छुट्याउने र सोही बजेटको परिधिभित्र रहि वडाबाट योजनाहरु पहिचान गरी सबै वडाहरुले कार्यान्वयनमा लैजाने निर्णय गरियो।

**तपसिल:**

| वडा नं. | क्षेत्रफल भार | | जनसंख्या भार | | भौगोलिक विकटता भार | | आन्तरीक आय भार | | कूल प्राप्तांक | कूल बजेट शुत्रानुसार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २० | | ६० | | १० | | १० | | | | |
| | मापन अंक (वर्ग कि.मी.) | प्राप्तांक | मापन अंक (जनसंख्या) | प्राप्तांक | मापन अंक (विकटता) | प्राप्तांक | मापन अंक (राजस्व) | प्राप्तांक | | | |
| १ | ५.७७ | ०.४९ | ६८४५ | ४.०७ | १ | ०.५६ | १८२१३८१ | १.२० | ६.३२ | ३४०४०० | |
| २ | ३०.१९ | २.५९ | ११४१५ | ६.७९ | १ | ०.५६ | १५८८१५५ | १.०५ | १०.९८ | ५९१२०० | |
| ३ | १०.१७ | ०.८७ | ७४९९ | ४.४६ | २ | १.११ | ८७९२८५ | ०.५८ | ७.०२ | ३७८१०० | |
| ४ | १०.४३ | ०.८९ | ११२९४ | ६.७१ | १ | ०.५६ | २२३२५४१ | १.४७ | ९.६४ | ५१९००० | |
| ५ | १०.३ | ०.८८ | ७३२० | ४.३५ | २ | १.११ | ८४१७९७ | ०.५६ | ६.९ | ३७१७०० | |
| ६ | ८.२१ | ०.७० | ६३११ | ३.७५ | २ | १.११ | ९२०७८८ | ०.६१ | ६.१७ | ३३२५०० | |
| ७ | ७.०३ | ०.६० | ९४५१ | ५.६२ | १ | ०.५६ | १४११११२२ | ०.९३ | ७.७१ | ४१५१०० | |
| ८ | ३४.९१ | २.९९ | ११९४३ | ७.१० | १ | ०.५६ | २१३४४४७ | १.४१ | १२.०६ | ६४९४०० | |
| ९ | ६१.१३ | ५.२४ | ८१९३ | ४.८७ | २ | १.११ | ९७३०७२ | ०.६४ | ११.८७ | ६३९००० | |
| १० | ३६.४३ | ३.१२ | ९३६७ | ५.५७ | ३ | १.६७ | ७३८१२१ | ०.४९ | १०.८५ | ५८४१०० | |
| ११ | १८.६८ | १.६० | ११२८७ | ६.७१ | २ | १.११ | १६१३०३० | १.०६ | १०.४९ | ५६४८०० | |
| जम्मा | २३३.५८ | २० | १००९२५ | ६० | १८ | १० | १५१५३७३९ | १० | १०० | ५३८५१०० | |

**प्रस्ताव नं ८.७**

**आत्मनिर्भरताको लागि कृषि उत्पादन सञ्चालन सम्बन्धमा,**

**निर्णय नं. ८.७**

चालु आ.व. २०७९।८० मा संघीय सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम अन्तर्गत थप अख्तियारी प्राप्त भएका तपसिल अनुसारका कार्यक्रम कार्यविधीमा उल्लेख भए बमोजिम कृषि विकास शाखा तथा पशु सेवा शाखा मार्फत सञ्चालन गर्ने निर्णय गरियो।

**तपसिल:**

| सि.नं. | शीर्षक नं. | शीर्षक | विनियोजित रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | २.७.१५.४१४ | बीउ विजन आत्मनिर्भर कार्यक्रम | ३० लाख | |
| २ | २.७.१५.४२६ | चैते धान आत्मनिर्भर कार्यक्रम | १ करोड | |
| ३ | २.७.१५.४२८ | दुध उत्पादन आत्मनिर्भर कार्यक्रम | १ करोड | |
| ४ | २.७.१५.४३० | मकै आत्मनिर्भर कार्यक्रम | ४० लाख | |
| ५ | २.७.१५.४३५ | चैते धान प्रवर्द्धनको लागि ड्रायर स्थापना | ५० लाख | |

**प्रस्ताव नं ८.८**

**आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०७९ सम्बन्धमा,**

**निर्णय नं. ८.८**

चालु आ.व. २०७९।८० मा संघीय सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त थप आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि **"आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यान्वयन एकीकृत कार्यविधि, २०७९"** बैठकमा प्रस्तुत भई जानकारी प्राप्त भयो।

प्रस्ताव नं ८.९

**पिपरा अस्पतालमा निमित्त मे.सु.को जिम्मेवारी सम्बन्धमा,**

निर्णय नं. ८.९

बाणगङ्गा नगरपालिका अन्तर्गत पिपरा अस्पतालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ८३५ मिति २०७९।०९।०३ को पत्रानुसार छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक डा. शारदानन्द चौधरीलाई अर्को व्यवस्था नभएसम्मका लागि पिपरा अस्पतालको निमित्त मेडिकल सुपरिटेन्डेण्ट (मे.सु.) भई कामकाजमा लगाउने निर्णय गरियो ।

प्रस्ताव नं ८.१०

**पिपरा अस्पतालमा अपरेसन थ्रियटर (OT) सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा,**

निर्णय नं. ८.१०

यस बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं.२ मा रहेको पिपरा अस्पतालको अस्पताल व्यवस्थापन समितिको अपरेसन थ्रियटर (OT) सञ्चालन गर्ने निर्णय भई आएकोले सोको लागि आवश्यक पर्ने उपकरण तथा मेशिनरी सामानहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ८.११

**बसपार्कको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को TOR स्वीकृत सम्बन्धमा,**

निर्णय नं. ८.११

बाणगङ्गा नगरपालिका वडा नं. ५ को पूर्वपश्चिम लोकमार्गसंग जोडिएको मधौलिया सामुदायिक बनमा बसपार्क निर्माणको लागि निर्माण पूर्व सामुदायिक बनसंग सहमती लिईसकेको र प्रारम्भिक वातावरणीय परीक्षणको लागि तयार गरिएको TOR स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ८.१२

**विविध**

निर्णय नं. ८.१२

**क. वडा नं. ४ को कार्यालयको कार्यालय सहयोगी सम्बन्धमा ।**

वडा नं. ४ को कार्यालयमा कार्यरत ज्योती मल्लले राजिनामा दिएको कारण हाल वडा नं. ४ को कार्यालयमा कार्यालय सहयोगी दरबन्दी रिक्त रहेको र कार्यालयको कामकाजमा असहज भईरहेको सोही सन्दर्भमा उक्त वडामा हालसम्म बालमैत्री सहजकर्ताको रुपमा करारमा रहनुभएको माया देवी थारुले उक्त वडा कार्यालयको कार्यालय सहयोगीको पदमा रही कामकाज गर्न ईच्छुक रहेकोले हालसम्म निजको कामकाज सन्तोषजनक भएकोले कार्यालय सहयोगीको पदमा करार सेवामा सम्झौता गरी निरन्तरता दिने निर्णय गरियो ।

**ख. गौशालाको रकम भुक्तानी सम्बन्धमा ।**

छाडागाई वस्तु व्यवस्थापनका लागि बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं. ८ स्थित शान्तिकुन्ज मधुवनधाममा गाईवस्तु देखरेखका लागि खटाईएका कर्मचारीहरुको तलब तथा पराल व्यवस्थापनको भरपाई सहित वडा नं. ८ को कार्यालयको च.नं. २१७८ मिति २०७९।१०।११ को पत्रबाट सिफारिस भई आएकोले भुक्तानीका लागि भएको खर्च रकम रु. ३,००,००० (अक्षरुपी तीन लाख मात्र) मध्येबाट हाललाई रु. २,००,०००/- (अक्षरुपी दुई लाख) मात्र चालु आ.व. २०७९।८० को पेज नं. १२८ सि.नं. ३५२ मा खर्च शीर्षक "गौशाला निर्माण अन्तर्गतको व्यवस्थापन" को लागि विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**ग. रेडियो तर्फको बजेट सम्बन्धमा ।**

सामुदायिक रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण तर्फ रहेको रु.५लाख बजेटबाट कम्तिमा ४ वटा मिडिया मार्फत कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

घ. आर्थिक सहयोग

संस्कृति संरक्षण तर्फ रहेको बजेट मध्ये निम्नानुसारका संस्थाहरुले पहिलेनै कार्यक्रम सम्पन्न गरी आईसकेकोले स्वीकृत प्रस्तावका आधारमा निम्नानुसारको रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | नेवार समुदायको पर्व तथा संस्कृति संरक्षण | ५०हजार | नेवा समुदायको गाईजात्रा, नयाँ सम्वत लगायत कार्यक्रम खर्च |
| २ | मगर समुदायको पर्व तथा संस्कृति संरक्षण | १लाख | मगर समुदायको माघे सकराती पर्व लगायत कार्यक्रम खर्च |
| ३ | खानेपानी उपभोक्ता महासंघ, बाणगङ्गा | २०हजार | प्रदेश तथा राष्ट्रिय अधिवेशनमा सहभागिताको खर्च |

**ङ. नगर खेलकुद विकास समितिको पूर्णता सम्बन्धमा।**

बाणगङ्गा नगरपालिकाको नगर खेलकूद समिति सञ्चालन कार्यविधि, २०७९ को परिच्छेद-३, को दफा ३ बमोजिमको नगर खेलकुद विकास समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो।

तपसिलः

- संयोजक - श्री पदम सेन (दफा ३ क)
- सदस्य - श्री रन बहादुर काउचा (दफा ३ ख)
- सदस्य - श्री सुन्दर पहराई (दफा ३ ख)
- सदस्य - श्री कृष्ण कार्की (दफा ३ ख)
- सदस्य - श्री डम्बर सोमै (दफा ३ ख)
- सदस्य - श्री भरत थापा (दफा ३ ग)
- सदस्य - श्री सबिना आचार्य (दफा ३ ग)
- सदस्य - श्री छबि रेश्मी मगर (पदेन) (दफा ३ घ)
- सदस्य - श्री शंकर कार्की (दफा ३ ङ)
- सदस्य - (दफा ३ ङ) संयोजकले मनोनित गर्नबाँकी रहेको
- सदस्य - श्री कुल बहादुर चुँदाली (दफा ३ च)
- सदस्य - श्री बुद्धि पौडेल (दफा ३ च)
- सदस्य सचिव - श्री खिम बहादुर जि.सी. (दफा ३ छ)